*विद्यार्थी प्रतिवेदन – २*

## ठीक वा बेठीक प्रश्न

खण्ड १ : पाठ १-५

*तल दिइएका बयानहरू कित ठीक कि बेठीक छन्। ठीक उत्तरको अगाड़िको अङ्कमा घेरा (○) लगाउनुहोस्।*

_१. खाँचोमा परेको परिवारको निम्ति जब हामी खानेकुरा जम्मा गर्छौं, हामीले समुदायको आत्मा प्रकट गरेका हुन्छौं।

_२. पेन्तिकोसको दिनपछि चेलाहरूद्वारा मात्र सुसमाचार प्रचार गरिएको थियो।

_३. हामीहरू ख्रीष्टियान बनेपछि हाम्रो स्वभाव परिवर्तन हुन्छ।

_४. बाइबलको पढ़ाइद्वारा हामी आत्मिक रूपमा परिपक्व हुँदैजान्छौं।

_५. बाइबलमा एकलेसिया वा चर्च शब्दको अर्थ भवन हुन्छ, जहाँ ख्रीष्टियानहरू एक-अर्कासँग भेटघाट गर्छन्।

_६. मोशाको व्यवस्थालाई पालन गर्न सजिलो थियो।

_७. पेन्तिकोसको दिनपछि प्रेरितहरू साक्षी दिनका लागि पृथ्वीको अन्तसम्म पुगे।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा (○) घेरा लगाउनुहोस्।*

८. तल दिइएकाहरूमध्ये कसले चाहिँ समुदायको आत्मा देखाएन?

_क. असल सामरी।

_ख. लूका १६-मा उल्लेख गरिएको धनी मानिस।

९. आदम, हव्वा र परमेश्वरको बीचमा भएको सिद्ध समुदाय कहिले विनाश भयो?

__**क**. जब आदम र हव्वाले परमेश्वरको आज्ञा पालन गरेनन्।

__**ख**. जब आदम र हव्वाले अदनको बगैंचा छोड़े।

१०. येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कि तिनीहरूले पवित्र आत्मा पाएपछि, तिनीहरू

__**क**. प्रेरितहरू हुनेछन्।

__**ख**. प्रचारकहरू हुनेछन्।

__**ग**. साक्षीहरू हुनेछन्।

११. मिलनसार व्यक्ति त्यो हो जो

__**क**. सामान्य उद्देश्य प्राप्तिका निम्ति अरूहरूका योजनामा सहभागी हुन्छ।

__**ख**. आफ्नै तरीकाअनुसार काम गर्ने कुरामा जोड दिन्छ।

१२. चट्टानमाथि घर बनाउने मानिस कस्तो हुन्छ?

__**क**. परमेश्वरको आज्ञा पालन गर्न नचाहने।

__**ख**. कमजोर जग छान्ने।

__**ग**. ख्रीष्टको शिक्षालाई पालन गर्ने।

१३. जब हामी सहनशील हुन्छौं

__**क**. अरूले जस्तोसुकै विचार गरे तापनि हामीलाई खुशी लागेअनुसार हामी गर्छौं।

__**ख**. हामी अरूहरूका विचारहरूलाई आदर गर्छौं।

__**ग**. सबैका विचारहरूलाई हाम्रा आफ्नै विचारहरू हुन् भनी लिन्छौं।

१४. हाम्रो आत्मिक शत्रुबाट सुरक्षित हुनका लागि हामी

__**क**. आफ्नो सामर्थ्यमा खड़ा हुनुपर्छ।

__**ख**. ले परमेश्वरको हातहतियार धारण गर्नुपर्छ।

१५. एक व्यक्तिको ख्रीष्टसँग भएको सम्बन्ध नाश हुँदैन यदि
__**क**. उसले आफूलाई मन परेको जस्तो काम गऱ्यो भने।
__**ख**. उसले ख्रीष्टसँगको आज्ञाकारिताको जीवन जियो भने।

१६. एकलेसिया शब्दको सबैभन्दा उत्तम परिभाषा
__**क**. येशू ख्रीष्टमा भएका सबै विश्वासीहरूको शरीर हो।
__**ख**. ख्रीष्टियानहरू भेटघाट गर्ने भवन हो।
__**ग**. एकै ठाउँमा विश्वासीहरूको समूहको भेटघाट हो।

१७. समुदायको आत्मा कहाँ स्पष्टसँग देखिनुपर्छ?
__**क**. विश्वासीहरूका बीचमा मात्र।
__**ख**. हाम्रा सबै सम्बन्धहरूमा।

१८. मानिसहरूका बीचमा पूलको निर्माण गर्ने उदाहरण तल दिइएकाहरूमध्ये कुनचाहिँ हो?
__**क**. कसैलाई आफ्नो घरमा निमन्त्रणा गर्नु।
__**ख**. कसैले निमन्त्रणा गर्दा उसको घरमा नजानु।

१९. कुनै समाजमा मृतकहरूलाई पूजा गर्नका निम्ति दिइएको विदाको दिनमा ख्रीष्टियानले
__**क**. ती क्रियाकलापहरूमा भाग लिनुपर्छ।
__**ख**. साक्षी दिने मौकाको रूपमा त्यस दिनलाई प्रयोग गर्नुपर्छ।

## सामान्य प्रश्नहरू
## पाठहरू १-५

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

__२० के तपाईंले पाठ १-५-लाई ध्यानपूर्वक पढ्नुभएको छ?
__२१ के तपाईंले पाठ १-२-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

_२२ के तपाईंले पाठ ३-५-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

_२३ के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएका खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

_२४ पाठका उद्देश्यहरूमा सुझाव दिइएका कुराहरूलाई के तपाईंले पूरा गर्नुभएको छ?

## खण्ड २: पाठ ६-१०

### ठीक वा बेठीक प्रश्न

*तल दिइएका बयानहरू कित ठीक कि बेठीक छन्। ठीक उत्तरको अगाड़िको अङ्कमा घेरा (○) लगाउनुहोस्।*

_१. येशूको परिवारले परम्परालाई पालन गरेनन्।

_२. येशूले आफ्नो उदाहरणद्वारा समुदायको आत्मालाई सिकाउनुभयो।

_३. संसारका केही भागहरूमा जहाँ ख्रीष्ट प्रचारिनुभएको छ, स्त्रीहरूले जीवनमा उच्च सम्मान प्राप्त गरेका छन्।

_४. एकलेसिया (चर्च) समुदायभित्रको समुदाय हो।

_५. एकलेसिया समूहको अङ्ग बन्नु ख्रीष्टियानहरूका निम्ति महत्त्वपूर्ण छैन।

_६. असल साक्षीहरू हुनका लागि हामीले गर्नुपर्ने एक मात्र कुरा परमेश्वरको वचनको अध्ययन हो।

_७. ख्रीष्टियानहरू समुदायमा भेला हुनुहुँदैन।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा (○) घेरा लगाउनुहोस्।*

८. जब येशू बालक हुनुहुन्थ्यो, उहाँ
   **क.** आफ्नो समुदायमा मन पराइनुभएको थियो।
   **ख.** आफ्नो समुदायद्वारा हेलिँत हुनुभयो।

९. जब येशू १२ वर्षका हुनुभयो, उहाँले
   **क.** आफ्नो सार्वजनिक सेवा शुरू गर्नुभयो।
   **ख.** आत्मिक कुराहरूमा धेरै चासो देखाइनुभयो।

१०. तल दिइएकाहरूमध्ये कुनचाहिँ येशूको बारेमा सत्य हुन्छ?
   **क.** उहाँले दुष्ट मानिसहरूसँग सम्बन्ध राख्नुभएन।
   **ख.** उहाँले गरीबहरूलाई मात्र सरोकार गर्नुभयो।
   **ग.** उहाँले प्रत्येकको निम्ति सरोकार देखाउनुभयो।

११. हामीले नयाँ मन प्राप्त गर्न सक्छौं, जब हामी
   **क.** ख्रीष्टलाई ग्रहण गर्छौं र हाम्रा विचारहरूलाई अधीन गर्नका लागि उहाँलाई दिन्छौं।
   **ख.** हाम्रा वरिपरि भएकाहरूको स्तरलाई कायम राख्छौं।

१२. पृथ्वीमा भएको येशूको जीवनको कारण
   **क.** धेरै मानिसहरूले अहिले आइतबार आराम र आराधनाको दिनको रूपमा स्वीकार गर्छन्।
   **ख.** आराधनाको निम्ति कुनै एक दिनलाई छुट्याउनु आवश्यक छैन।

१३. ख्रीष्टियानहरूले
   **क.** ख्रीष्टको ज्योति प्रतिबिम्बित गर्नैपर्छ।
   **ख.** तिनीहरूको आफ्नै ज्योति चम्काउनुपर्छ।
   **ग.** आफ्नो ज्योतिलाई लुकाउने कोशिश गर्नुपर्छ।

१४. यिनीहरूमध्ये कुनचाहिँ एकलेसियाको अस्तित्वको निम्ति भएको उद्देश्य होइन?
   क. सुन्दर भवनहरू बनाउनु।
   ख. आराधनाको निम्ति एकैसाथ भेला हुनु।
   ग. सुसमाचार प्रचार गर्नु।

१५. ख्रीष्टियानहरू नूनजस्तै हुनुपर्छ, किनकि
   क. तिनीहरूले धार्मिकतालाई सुरक्षित गर्नका लागि सहायता गर्छन्।
   ख. तिनीहरू पापबाट स्वतन्त्र छन्।

१६. हामीले सिकेका छौं कि हाम्रो उद्धार
   क. परमेश्वरमा गरिएको हाम्रो सेवाद्वारा आउँछ।
   ख. हामीले अरूहरूका निम्ति गरेको असल कामद्वारा आउँछ।
   ग. परमेश्वरको अनुग्रहद्वारा आउँछ।

१७. हामी सामुदायिक क्रियाकलापहरूमा संलग्न हुनुहुँदैन यदि यो
   क. पापीहरू संलग्न भएको क्रियाकलाप छ भने।
   ख. क्रियाकलापले हाम्रो ख्रीष्टियान साक्षीमा चोट पुऱ्याउँछ भने।

१८. किन पवित्र आत्मा हामीलाई दिइएको छ?
   क. हामीसँग बाइबल ज्ञान छ भनी देखाउने तरीका हामीलाई सिकाउन।
   ख. बाइबल सत्यतालाई कसरी बुझ्न सकिन्छ भनी हामीलाई सिकाउन।

१९. समुदायमा भएका विश्वासीहरूले कसरी परमेश्वरको उद्देश्यलाई पूरा गर्न सकछन्?

**क.** तिनीहरूले पवित्र आत्माको शिक्षा र निर्देशनलाई पालन गरेर।

**ख.** अधिकारमा भएकाहरूको अधीनमा आउन इन्कार गरेर।

## सामान्य प्रश्नहरू
## पाठ ६-१०

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाड़ि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

__२०. के तपाईंले पाठ ६-१०-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__२१. के तपाईंले पाठ ६-७-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२२. के तपाईंले पाठ ८-१०-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएका खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. पाठका उद्देश्यहरूमा सुझाव दिइएका कुराहरूलाई के तपाईंले पूरा गर्नुभएको छ?

यस प्रश्न-पुस्तिकालाई भरिसकेपछि आई सी आई-को ठेगानामा हामीकहाँ पठाउनुहोस्। यस पुस्तकको अध्ययनबाट तपाईंले के कुरा सिक्नुभयो यस बारेमा छोटकरीमा लेखी पठाउनुहोस्। धन्यवाद! प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् देऊन्!

# के तपाईं जान्न चाहनुहुन्छ. . .

- समुदायको बाइबलिय अर्थ?
- आफ्नो समुदायसँग येशूले कसरी सम्बन्ध राख्नुभयो?
- समुदायको आत्मा कसरी तपाईंमा हुन सक्छ?
- तपाईंले आफ्नो समुदायलाई कसरी सहायता गर्न सक्नुहुन्छ?
- ठीक कुराको निम्ति तपाईंको समुदायमा कसरी खड़ा हुन सक्नुहुन्छ?

यदि यसो हो भने *ख्रीष्टियान आफ्नो समुदायमा* भनिने यो पुस्तक विशेष गरी तपाईंकै निम्ति लेखिएको हो। तपाईंको सेवा र सरोकार राख्ने प्रवृत्तिद्वारा तपाईंको समाजमा ख्रीष्टको जस्तो प्रभाव तपाईं कसरी पार्न सक्नुहुन्छ' सो हेर्नका लागि यहाँ प्रस्तुत गरिएका विचारहरूले सहायता पुऱ्याउनेछन्।

यस पुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरी यसको अध्ययनलाई चाखलाग्दो बनाएको छ। यस प्रणालीबाट तपाईं सजिलैसित सिक्न सक्नुहुन्छ। तपाईंले यसका निर्देशनहरूलाई पालन गर्नुहोस् र आफ्नो अध्ययन-क्रमलाई अगाड़ि बढ़ाउनुहोस्।

III
5

यो चिन्ह अध्ययन क्रमको निम्ति सहायक हो। ख्रीष्टियान जीवन कार्यक्रमलाई तीन खण्डमा विभाजित गरिएको छ र प्रत्येक खण्डमा ६-६-वटा पुस्तकहरू राखिएका छन्। *ख्रीष्टियान आफ्नो समुदायमा* भनिने यो पुस्तक खण्ड ३-को पाँचौं पाठ्यपुस्तक हो।

यी पाठ्यपुस्तकहरूलाई क्रमवद्धरूपमा अध्ययन गर्दा तपाईंले बढ़ी फाइदा उठाउन सक्नुहुनेछ।

मुद्रणः आर.के. प्रिन्टर्स फोनः २३०००९